लमही नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ ।

**कार्यपालिका बैठकको निर्णय मिति : २०७६।०९।२८ गते ।**

**निर्णय नं. १ :** संघीय सरकार (राष्ट्रिय योजना आयोग) को आ.व. ०७६/०७७ को समपुरक कोष बाट प्राप्त हुने कार्यक्रमको रुपमा लमही नगरपालिकाको चक्रपथ सडक (रिङ्ग रोड) स्तरोन्नती आयोजना माग गरि पठाउने ।

**निर्णय नं. २ :** चालू आ.व. ०७६/०७७ मा DPR गर्ने प्रयोजनको लागि नगरसभाबाट विनियोजित बजेटको अधिनमारहि तपसिल बमोजिमका कार्यक्रम छनौट गरि DPR गरि सेवा प्रदायक संस्थावाट कार्य सम्पादन सम्पन्न गर्न प्रमुख प्रशासकीय अधिकृतलाई स्वीकृति प्रदान गर्ने,

क) लमही न.पा. वार्ड नं. १ को रातामाटा खानेपानी आयोजना,

ख) लमही न.पा.वार्ड नं.२ को डोरै देखि वरुवागाँउ जाने बाटोमापर्ने खोलामा पक्की पुल

ग) लमही न.पा. वार्ड नं. ३ को टिकुलीगढमा समर स्टेडियम

घ) लमही न.पा. वार्ड नं. ४ को गुर्जिवा देखि सेम्रहवा सम्म जाने सडक

ङ) लमही न.पा. वार्ड नं. ५ मा ग्रिन पार्क निर्माणको आयोजना

च) लमही न.पा. वार्ड नं. ५ को गोदामघर देखि गौतरीया जाने सडक

छ) लमही न.पा. वार्ड नं. ५ को सुनखोली सडक

ज) लमही न.पा. वार्ड नं. ६ को रुपनारायणको घर देखि पिपलबोट हुदै लंगडी जाने सडक कालोपत्रे

झ) लमही न.पा. वार्ड नं. ७ को हस्नापुर बनगाई सडक

ञ) लमही न.पा. वार्ड नं. ७ को फचकपुर सडक

ट) लमही न.पा. वार्ड नं. ८ विजुलीपुर खोली गाँउ सडक

ठ) लमही न.पा. वार्ड नं. ९ को रिहार च्याउखोला सडक

७६।१०।२८

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. ३ : लमही नगरपालिका वार्ड नं. ६ को वडा कार्यालयबाट आएको सिफारिस अनुसार तपशिल अनुसारका जग्गाहरु आवासिय क्षेत्र भित्र पर्ने र बाँकि रहेका जग्गा कृषि क्षेत्र भित्र पर्ने गरी वर्गीकरण गर्ने,

**तपशिल :**

**आवासिय क्षेत्र भित्र वर्गिकरण भएका जग्गाहरु**

क) साविक चैलाही ३ का क, ख, घ र ङ का सम्पुर्ण जग्गाहरु,

ख) देउपुर संचार टोलको सिमाना देखी लंगडी दामोदर सडक सम्मका दुइवटा बाटोमा पर्ने जग्गाहरु,

ग) देउपुरको सिमाना बिरबल चौधरीको घर देखी मध्यनगर राप्ती झोलुङ्गे पुल जोडने बाटोमा पर्ने जग्गाहरु

घ) ढिकपुर देखी कशियापुर, अर्जुन खोला जोडने बाटोमा पर्ने जग्गाहरु,

ङ) बलरामपुर कोइलाबास रोडमा पर्ने जग्गाहरु,

च) दामोदर सडकमा पर्ने सर्म्पूण जग्गाहरु ।

निर्णय नं. ४ : लमही नगरपालिका ३ वडा कार्यालयबाट आएको आवासिय जग्गा र कृषि क्षेत्रको जग्गा वर्गीकरण सिफारिस अनुसार तपशिलका जग्गालाई देहाय अनुसार वर्गीकरण गर्ने,

**तपशिल :**

| क्र.सं. | वडा नं. | नक्साङ्कन | गैर कृषि (आवासिय) क्षेत्र | कृषि क्षेत्र |
|---|---|---|---|---|
| १. | ३ | साविक सोनपुर ५ नं. वडा र चैलाही ८, ९ नं. वडा | लमही नगरपालिका ३ नं. वडा भित्रको पूर्व-पश्चिम महेन्द्र राजमार्गको उत्तर क्षेत्रमा रहेका सबै कि.नं. का जग्गा र राजमार्गको दक्षिण तर्फका २५० मिटर भित्रका जग्गा । | लमही नगरपालिका ३ नं. वडा भित्रको पूर्व-पश्चिम महेन्द्र राजमार्गको दक्षिण तर्फको २५० मिटर भन्दा पछाडीका सबै जग्गा । |

२०७६।७।२८

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. ५** : लमही नगरपालीकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५ मा देहाय वमोजिम संशोधन गर्ने,

**(क) दफा ४ को उपदफा ३ (क) , (ख) र ( ग) मा देहाय बमोजिम संशोधन गर्ने**

उपदफा ३ को क मा शैक्षिक योग्यता वापत **४० अंक** (विशिष्ट तथा प्रथम श्रेणी वापत ४० अंक, द्धितिय श्रेणी वापत ३५ अंक र तृतिय श्रेणी वापत ३० अंक)

द्रष्टव्य : CGPA वा GPA को हकमा प्राप्त CGPA वा GPA लाई ०.४ ले भाग गर्दा आउने अंक लाई १०० ले गुणा गर्दा आउने अंक लाई प्रतिशत अंक मानिने छ ।

उपदफा ३ को ख मा कार्य अनुभव वापत **१५ अंक** (प्रतिवर्ष ३ अंकका दरले : प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने)

उपदफा ३ को ग मा अर्न्तवार्ता वापत **४५ अंक** (यस अनुसार अंक प्रदान गर्दा ४० प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढि अंक दिदा कारण खुलाउनुपर्ने)

**(ख) दफा ६ मा देहाय वमोजिम संशोधन र थप गर्ने :**

उपदफा १ : दफा ४ को उपदफा ३(क) र ३(ख) वमोजिम प्राप्त अंकको आधारमा उम्मेदवारहरुको अन्तर्वार्ताको लागि संक्षिप्त सूची प्रकाशन गरिनेछ ।

उपदफा १ (क) : दफा ६ को उपदफा १ बमोजिम छनौट भएका उम्मेदवारहरुमध्ये दफा ४ को उपदफा ३(ग) मा अन्तर्वार्ताको लागि निर्धारित अंक (४५ अंक) को आधारमा औषत उच्चतम अंक प्राप्त गर्ने उम्मेदवारलाई अन्तिम सूचिकरणको लागि छनौट गरिने छ ।

उप दफा १(ख) : अन्तिम सूचिकरण प्रकाशन गर्दा दफा ४ को उपदफा ३(क) र ३(ख) वापत प्राप्त गरेको अंक जोडिने छैन,

उप दफा १(ग) माथि (१), १(क) र १(ख) मा जुनसुकै कुरा लेखिएतापनी कार्यालय सहयोगी कर्मचारी - पियन, पाले, वगैचे, चौकीदार, भान्से, स्विपर, सवारी चालकको हकमा अन्तर्वार्ता र आवश्यकतानुसार प्रयोगात्मक परिक्षा ( हलुका । भारी सवारी चालकको हकमा) को माध्यमबाट वाट अन्तिम सूचिकरण को लागि छनौट गरिने छ ।

उपदफा २ पछि उपदफा १क बमोजिम भन्ने वाक्यांस थप गर्ने.....

उपदफा ३ पछि उपदफा १क बमोजिम भन्ने बाक्यांस थप गर्ने

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. ६ :** यस लमही नगरपालिका वडा कार्यालयहरु बाट उठने राजस्व रकमहरु वडा नं. ४, ५ र ६ का वडा कार्यालयहरुले दैनिक रुपमा र अन्य वडा कार्यालयहरुको हकमा प्रत्येक हप्ताको मङ्गलबार र शुक्रबार गरी दुई पटक बैंकमा दाखिला गर्ने ।

**निर्णय नं. ७ :** आ.ब. ०७६/०७७ मा सतबरिया स्वास्थ्य चौकी र सोनपुर स्वस्थ्य चौकीमा कार्यरत SBA अनमीको लागि संघिय सरकारवाट प्राप्त भएको अनुदान रकम रु ५,३२,०००/-(पाँच लाख बत्तिस हजार)मा नगरपालिकाको आन्तरिक श्रोत बाट २० प्रतिशत अर्थात १,०६,४००/-(एक लाख छ हजार चार सय) थप गरी SBA अ.न.मी. श्री बसन्ती चौधरी र श्री पुजा चौधरी लाई २०७६ श्रावण देखि करार सेवाको म्याद थप गरि पारिश्रमिक दिने,

**निर्णय नं. ८ :** लमही न.पा. वार्ड नं. २ मा बर्थिङ सेन्टर स्थापना गर्नको लागि संघिय सरकार समक्ष माग पेस गर्ने ।

**निर्णय नं. ९ :** WASH कार्यक्रमको लागि चालू आ.व. ०७६/०७७ मा समानिकरण अनुदान तर्फ WASH योजना निर्माण शिर्षकमा रु १०,०००००/-(दश लाख) बिनियोजन भएको तर लागत योजना अनुसार लागत रकम रु १६,६०,०००/-(सोह्र लाख साठी हजार) भएकाले यसको लागि नपुग रकम रु ६,६०,०००/-(छ लाख साठी हजार) आगामी छैठौं नगर सभाबाट बिनियोजन गर्ने गरी कार्यक्रम स्विकृत गर्ने ।

**निर्णय नं. १० :** लमही नगरपालिका वार्ड नं. ८ स्थित सतबरिया स्वास्थ्य चौकीको पश्चिम तर्फको भवनमा स्वास्थ्य चौकी सतबरियाको मौजुदा बैंक मौज्दात रकमबाट खर्च व्यवस्थापन गर्ने गरि चेनगेट र सटर राख्नको लागि स्विकृति प्रदान गर्ने ।

**निर्णय नं. ११ :** विभिन्न प्राविधिक प्रतिष्ठान, प्रविधिक शिक्षालय तथा क्याम्पसबाट कार्यगत तालिम (OJT) को लागि लमही नगरपालिका मातहतका अस्पताल, स्वास्थ्य चौकी, कृषि उपशाखा, पशु उपशाखामा आउने सहायक स्तर चौथो सरहका अनमि/ना.प्रा.स./अमिन/असिस्टेन्ट सब इन्जिनियर बाट मासिक रु १,०००/-(एक हजार) र सहायक स्तर पाँचौ सरहका प्रा.स./हेल्थ असिस्टेन्ट/स्टाफ नर्स /सब इन्जिनियर बाट मासिक रु १,५००/-(एक हजार पाँच सय) सेवा शुल्क लिने ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. १२ :** लमही नगरपालिकाको नगर प्रहरी सम्बन्धी कार्यविधि तयार गरी आगामी नगर सभाबाट पारित गराउने साथै तत्कालको लागि नगर व्यवस्थित गराउन ५ (पाँच) जना नगर सुरक्षाकर्मिहरुको सेवा सिलबन्दी दरभाउ प्रक्रियाबाट लिने ।

**निर्णय नं. १३ :** सडक वोर्डको गत आ. ब. ०७५।०७६ को बाँकि रकम रु ११,६६,७४८/-(एघार लाख छैसठ्ठी हजार सात सय अड्चालिस) भुक्तानी दिने र थप बाँकि दिनुपर्ने रकम रु ९,१९,६००/-(नौ लाख उन्नाइस हजार छ सय) को लागि बजेट अभाव भएकाले आगामी नगरसभाबाट बजेट व्यवस्थापन गर्ने ।

**निर्णय नं. १४ :** लमही नगरपालिकाको नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्री वितरणको लागि आ.ब. ०७६/०७७ मा भएका ठेक्का प्रक्रिया, पद्धति र तपसिल बमोजिमका अनुमति दिइएका ठेक्काको अनुमोदन गर्ने ।

तपसिल

| क्र. सं. | विवरण | ठेक्का नं. | ठेकेदारको नाम | कबोल अंक (रु. मा) | कैफियत |
|---|---|---|---|---|---|
| १. | लमही-४, बुटकहवा घाट बाट नदीजन्य पदार्थ संकलन तथा उत्खनन | रा १३/२०७६-०७७ | श्री जय कालिका निर्माण सेवा, लमही-५ | ३६,९५,१०५।०० | |
| २. | लमही-७, बनगैं घाट बाट नदीजन्य पदार्थ संकलन तथा उत्खनन | रा १६/२०७६-०७७ | श्री जय कालिका निर्माण सेवा, लमही-५ | ५२,७६,८११।०० | |
| ३. | लमही-४, सेमरहवा घाट बाट नदीजन्य पदार्थ संकलन तथा उत्खनन | रा १५/२०७६-०७७ | श्री जय कालिका निर्माण सेवा, लमही-५ | ३९,६४,२१९।०० | |
| ४. | लमही-९, राप्ती नदी गौताल घाट बाट नदीजन्य पदार्थ संकलन तथा उत्खनन | रा ८/२०७६-०७७ | श्री जय कालिका निर्माण सेवा, लमही-५ | १०,१५,००८।०० | |
| ५. | लमही-६, अर्जुनखोला दोभान घाटबाट नदीजन्य पदार्थ संकलन तथा उत्खनन | रा १०/२०७६-०७७ | श्री जय कालिका निर्माण सेवा, लमही-५ | ५८,५१,७८६।०० | |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. १५ :** अवैध रुपमा नदीजन्य पदार्थ ओसार पसार गर्ने कसुरमा सवारीबाट लमही नगरपालिकालाई प्राप्त राजश्व बाट सो कार्यमा सहयोग गर्ने वडा प्रहरी कार्यालय, लमही, दाङबाट कमिशन माग भइआएकोमा त्यस्तो कमिशन दिने कार्य कार्यविधी बनाएर कार्यान्वयन गर्ने,

**निर्णय नं. १६ :** ढाकावाङ-९, अर्घाखाँची स्थाई ठेगाना भई हाल लमही नगरपालिका वार्ड नं. ५ बस्ने श्री नारायण भुसाल लाई नगर प्रमुख श्री कुल बहादुर के. सि. ज्यूको स्वकीय सचिवका रुपमा नेपाल सरकारको सहायकस्तर चौथों तहको कर्मचारीले पाउने सरहको मासिक सुबिधा पाउने गरि कामकाजमा लगाउने,

**निर्णय नं. १७ :** मनकामना महिला विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड, लमही-५, को निवेदन अनुसार घरेलु तथा लैंगिक हिंसाबाट प्रभावित महिला तथा वालवालिकाहरुको लागि सेवा केन्द्र संचालनको लागि आएको प्रस्तावना प्रतिवेदन अनुसार आर्थिक दायित्व रु. ३,००,०००/-(तीन लाख) लमही नगरपालिकाको आन्तरिक कोष बाट बेहोर्ने गरि कार्यक्रम संचालनार्थ अनुदान उपलब्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner